# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**हुवास, पर्वत**
**गण्डकी प्रदेश, नेपाल ।**

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, २०७३

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्वन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति २०७७/०८/०८)

प्रस्तुत विषयमा यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि लघू उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालनको लागि तपसिल बमोजिमका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ।

तपसिल:

| क.सं | पद | माग संख्या | आवेदन दस्तुर |
|---|---|---|---|
| १ | उद्यम विकास सहजकर्ता/उद्यम विकास सहयोगी | २ | रु. ५००।- |

उद्यम विकास सहजकर्ताको प्रमाण पत्र भएको उम्मेदवारलाई उद्यम विकास सहजकर्ता पदको छनौट प्रक्रियामा समावेश गराइनेछ भने उद्यम विकास सहजकर्ताको प्रमाणपत्र नभएको उम्मेदवारलाई उद्यम विकास सहयोगी पदको छनौट प्रक्रियामा राखिने छ।

***(पुनश्च: यदि कम्तिमा २ जना उद्यम विकास सहजकर्ताको आवेदन नपरेको खण्डमा मात्रै उद्यम विकास सहयोगी नियुक्ति गरिनेछ ।)***

**१. शैक्षिक योग्यता :**

**१.१ उद्यम विकास सहजकर्ताको लागि :**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) बाट मान्यता प्राप्त गरेको शैक्षिक संस्थाबाट उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) बाट मान्यता प्राप्त गरेको शैक्षिक संस्थाबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सि.टि.ई.भि.टि.) बाट मान्यता प्राप्त गरेको शैक्षिक संस्थाबाट उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टि.एस.एल.सी.) उत्तीर्ण गरेको ।

**१.२ उद्यम विकास सहयोगीको लागि :** कुनै पनि विषयमा प्रविणता पत्र वा +१२ वा सो सरह उत्तीर्ण गरेको ।

**आवश्यक न्यूनतम योग्यता र अनुभव:**

**२. कार्य अनुभव :**

**२.१ उद्यम विकास सहजकर्ताको लागि :** लघू उद्यम  वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने ।

**२.२ उद्यम विकास सहयोगीको लागि :** लघु उद्यम  वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जन वा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष काम गरेको हुनुपर्ने ।

**३. उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**४. दरखास्त दिने स्थान :** पैयूँ गाउँपालिकाको कार्यालय, हुवास, पर्वत । उम्मेदवारले यस कार्यालयको ई-मेल ठेगाना paiyungapa@gmail.com मा ई-मेल मार्फत पनि दरखास्त दिन सकिनेछ ।

**५. दरखास्त दिने अन्तिम मिति :** प्रथम पटक सूचना प्रकाशन भएको मितिले सातौं दिनको कार्यालय समय भित्र ।

**६. दरखास्त फाराम पाईने स्थान :** www.paiyunmun.gov.np वा पैयूँ गाउँ कार्यपालिकाको कार्यालय, पर्वत ।

**७. छनौटको किसिम :** प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन, लिखित परीक्षा/अन्तरवार्ता ।

**८. आवेदन तथा संलग्न कागजातहरु :** आवेदक स्वंयले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :

क. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

ख. न्यूनत्तम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ. अनुभव खुल्ने कागजात

ङ. २ प्रति पासपोर्ट साईजको फोटो

**९. सेवा सुविधा :** करार सम्झौतामा उल्लेख भए बमोजिम

***नोट: महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्गलाई विशेष ग्राह्यता दिइनेछ ।***

***पुनश्च: आवेदन दस्तुर यस कार्यालयको ग-१.१ आन्तरिक राजश्व खाता नं. ०३१८५०१५०८४०१०७६ मा जम्मा गरी सोको भौचर कार्यालयको इमेल ठेगाना मार्फत् पठाउन पनि सकिनेछ ।***

विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५७६२०५४३ (प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत